नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०७९/८०
चलनी नं.:- ८८१

मितिः २०७९/१०/२२

## किसेदी खोला जलविद्युत आयोजनको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे।

श्री एना मल्टीपर्पोज कम्पनी प्रा.लि.
महाराजगंज, वडा. ४, काठमाण्डौ,
फोनः ०१-४३७१७४८

उपरोक्त विषयमा तहाँबाट प्रवर्द्धित किसेदी खोला जलविद्युत आयोजना विद्युत उत्पादन अनुमतिपत्रको दरखास्त उपर कारवाही हुँदा निम्नानुसार कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकाले निम्नानुसार कागजात/विवरणहरु notarize गरी ७ (सात) दिनको समयावधि भित्र पेश गर्नुहुन विभागको मिति २०७९/१०/१६को निर्णयानुसार अनुरोध गरिन्छ ।

पेश गर्नुपर्ने कागजात/विवरणहरु

1. स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र सोको softcopy
2. कंपनीको अद्यावधिक शेयर लगत अभिलेख र सोको soft copy workable format सहित
3. आ.व. ७७/७८को कर चुक्ता प्रमाणपत्र वा दाखिला गरेको प्रमाण
4. उद्योग दर्ताको प्रमाणपत्र
5. सञ्चालक समितिको बैठकको निर्णयसहितको अख्तियारीनामा,पत्राचार गर्ने स्पष्ट ठेगाना(पोष्ट बक्स नं. र ईमेलसहित) र अख्तियारी प्राप्त व्यक्तिको परिचय-पत्र एवं सम्पर्क नंबर
6. बहाल रहेको विद्युत् खरीद बिक्रीको सम्झौता पत्र वा कनेक्शन एग्रीमेन्ट वा विद्युत् खरीद बिक्रीको आशयपत्र
7. परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैरसरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत
8. आवश्यक शेयर पुंजीलाई पुरने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth (UDIN सहित) तथा आवश्यकतानुसार तल उल्लेखित विवरण तथा C.A. दर्ता तथा करचुक्ता
   - आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरु बीच भएको सम्झौता
   - कुनै शेयर होल्डरले लिन कबुल गरेको शेयर बराबरको निजको नेट वर्थ नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौता
9. यदि कुनै प्रवर्द्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागि भैसकेको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी Net worth पेश गर्नु पर्ने (नोटः यसअघि लगानी गरिसकेको आयोजना संचालनमा आइसकेको खण्डमा भने सो आयोजनालाई खाम्ने गरी Net worth पेश गर्नु नपर्ने,यस्तो अवस्थामा सञ्चालनमा आएको आयोजनाबारे जानकारी गराउनु पर्ने )
10. २०७९/३/०१मा यस विभागमा भएको प्रस्तुतीकरणमा दिएको राय सुझाव अनुसार Hydrological, Financial analysis, Power and Energy calculation, Gross head लगाएतक विषयहरुपुनरावलोकन गरी परिमार्जित अध्ययन प्रतिवेदन

२०७९/१०/२२

(सुवास थपलिया)
इन्जिनियर